आज मिति २०७८ साल चैत्र २४ गते भेरी नगरपालिकाका नगर प्रमुख श्री चन्द्र प्रकाश घर्ती ज्युको अध्यक्षतामा तपशिलमा उल्लेखित नगर कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक वसी निम्नानुसार निर्णय गरियो ।

**उपस्थिति**

| क्र स | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | चन्द्र प्रकाश घर्ती | नगर प्रमुख | |
| २ | भावना भण्डारी | उप प्रमुख | |
| ३ | दिपक राना | वडा नं. १ वडा अध्यक्ष | |
| ४ | काली बहादुर वली | वडा नं. २ वडा अध्यक्ष | |
| ५ | लिला बहादुर शाह | वडा नं. ३ वडा अध्यक्ष | |
| ६ | खम्ब जंग शाह | वडा नं. ४ वडा अध्यक्ष | |
| ७ | श्यामलाल जैसी | वडा नं. ५ वडा अध्यक्ष | |
| ८ | शशिराम बुढा | वडा नं. ६ वडा अध्यक्ष | |
| ९ | चन्द्र बहादुर शाही | वडा नं. ७ वडा अध्यक्ष | |
| १० | कर्ण बहादुर कार्की | ~~का.स~~. वडा अध्यक्ष ८ | |
| ११ | ध्रुव प्रसाद पौडेल | वडा नं. ९ वडा अध्यक्ष | |
| १२ | ठकेन्द्र बहादुर राना | वडा नं. १० वडा अध्यक्ष | |
| १३ | लक्ष्मी प्रसाद जैसी | वडा नं. ११ वडा अध्यक्ष | |
| १४ | निम बहादुर भनारी | वडा नं. १२ वडा अध्यक्ष | |
| १५ | गोपाल बटाला | वडा नं. १३ वडा अध्यक्ष | |
| १६ | पार्वती वि.क | कार्यपालिका सदस्य | |
| १७ | मनकला नेपाली | कार्यपालिका सदस्य | |
| १८ | रति वि.क | कार्यपालिका सदस्य | |
| १९ | सृजना वि.क | कार्यपालिका सदस्य | |
| २० | विर बहादुर बादी | कार्यपालिका सदस्य | |
| २१ | मिना पुन | कार्यपालिका सदस्य | |
| २२ | भद्रकला डाँगी | कार्यपालिका सदस्य | |
| २३ | विन्दु शाही | कार्यपालिका सदस्य | |
| २४ | दल बहादुर घर्ती | नि प्रमुख प्रशासकीय अधिकृत | |
| | | आमन्त्रित | |
| २५ | प्रकाश कुमार शाही | कानुन अधिकृत | |
| २६ | अनिश शाह | अधिकृत | |
| २७ | सुधा हमाल | अधिकृत | |
| २८ | प्रकाश बटाला | अधिकृत | |
| २९ | मोहन मल्ल | ईन्जिनियर | |
| ३० | नवराज शर्मा | ईन्जिनियर | |
| ३१ | सुर्य प्रसाद लम्साल | सुचना तथा प्रविधि अधिकृत | |
| ३३ | सनत दवाडी | सहायकस्तर पाचौ | |
| ३४ | राजेन्द्र बहादुर कठायत | लेखापाल | |
| ३५ | भरत नेपाली | का.स. | |
| ३६ | सबिन थाई | को. दे. | |

निर्णयहरु:-

१ चालु आ. व. २०७८।७९ मा स्थानीय सडक मर्मत संभार कार्यको लागि सडक बोर्ड नेपालको मिति २०७८।११।११ च. नं. ९४९ को पत्रानुसार रु ३० लाख स्वीकृत भई आएको र सडक बोर्ड नियमावली २०६० को परिच्छेद (३) नियम (९) बमोजिम यस नगरपालिकाले समपुरक कोष बापत ब्यहोर्नु पर्ने ३० प्रतिशतले हुन आउने रु १२ लाख ८६ हजार चालु आ. व. को समपुरक कोषमा बिनियोजित शिर्षकबाट बेहोर्ने गरी जम्मा रु ४२ लाख ८६ हजार रुपैयाँ बजेटबाट वडा नं ४ रानागाउँ देखि वडा नं ६ को नेटीबजार सडकको ठूलो साल पाखेदह नेटीबजार खण्डको सडक मर्मत संभार गर्न सहमतिका लागि सडक बोर्ड नेपालमा अनुरोध गर्ने ।

२ मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आगामि आ. व. २०७९।८० का लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वीरेन्द्रनगर सुर्खेतको मिति २०७८।१२।६ च. नं. १३७२ को प्राप्त पत्र अनुसार मिति २०७८।१।७ गते भित्र योजना छनौट गरी नगरकार्यपालिकाको कार्यालयमा पठाउन सबै वडा कार्यालयहरुमा पत्राचार गर्ने ।

३ यस चालु आ. व. मा सुरक्षित आवास कार्यक्रमका लागि रु १८ लाख बजेट बिनियोजन भई आएको र सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि २०७६ बमोजिम सुचना प्रकाशन गरी लाभग्राही घरधुरी छनौट गरी नगरकार्यपालिकाको कार्यालयमा पठाउन सबै वडा कार्यालयहरुलाई पत्राचार गर्ने ।

४ नगरपालिकाको सेवा प्रवाहलाई थप प्रभावकारी एवं चुस्त बनाउन जनशक्ति व्यवस्थापनका लागि स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण गराउनु पर्ने अनिवार्य भएकोले सोका लागि आवश्यक पर्ने रकम रु ५ लाख रुपैयाँ चालु आ व को संघिय सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड कार्यक्रम खर्च शिर्षकबाट खर्च लेख्ने गरी सर्वेक्षण गराउने ।

५ चालु आ. व. मा स्वीकृत विनियोजन ऐनको शिक्षातर्फ म. प. विश्व विद्यालय स्थानीय सरकार विश्वव्यापि छात्रबृत्ति २०२१ कोष शिर्षकमा बिनियोजित रु १० लाख हालसम्म खर्च नभई मौज्दात रहेकोले चालु आ. व. को स्वीकृत कार्यक्रममा समावेश नभएका तर स्थानीय स्तरबाट माग भई आएका तपसिलमा उल्लेखित कार्यक्रमहरु उक्त रकमबाट खर्च लेख्ने गरी कार्यान्वयन गर्ने ।

तपसिलः

| क्र सं | कार्यक्रमको नाम | स्वीकृत रकम रु | कैफियत |
|---|---|---|---|
| १ | सरकारी वकील कार्यालय जाजरकोटलाई डेस्कटप कम्प्युटर खरिद | ९० हजार | |
| २ | रत्न प्रसाद शर्मा फाउन्डेसन | १ लाख | |
| ३ | विश्व किर्तिमानी पात्र वैतडी सिंगास ९ निवासि मनोज कुमार चन्दलाई सहयोग | ३५ हजार | |
| ४ | नेराआवि साल्टाकुरा फर्निचर निर्माण वडा नं. ५ | १ लाख २५ हजार | |
| ५ | भैरव आ. वि. भूरचौरको थप कक्षा कोठा निर्माण वडा नं १० | ३ लाख | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ६ | कोरोना विरुध्द खोप लगाएका ब्यक्तिमा कोभिड १९ को ब्यापकता विषयमा अनुसन्धानका लागि विपिएच अध्ययनरत नगर स्वास्थ्य शाखाका जनस्वास्थ्य निरिक्षक दिपक वलीलाई सहयोग | ६० हजार | |
| ८ | बिपिएच अध्ययनरत छात्र विनोद बटालालाई छात्रबृत्ति भे न पा वडा नं १ कालेगाउँ | ४० हजार | |
| ९ | नेराआवि पौरी फर्निचर निर्माण वडा नं ९ | १ लाख | |
| १० | चर्च मर्मत भे न पा ४ सिर्जनाटोल | ५० हजार | |
| ११ | | | |
| १२ | जिल्ला अदालत वार एकाई जाजरकोटलाई ल्यापटप खरिद | १ लाख | |
| १३ | कलेजो प्रत्यारोपण गरेका विरामी भे न पा वडा नं ४ निवासि भरतविक्रम शाहीलाई उपचार सहयोग | ५० हजार | |

६ गैरीखाली रानागाउँ सडक निर्माणका क्रममा रानागाउँ खानेपानी योजनाको पाईप क्षति भएकोले आवश्यक पर्ने पाईप प्राविधिक स्टिमेटको आधारमा कार्यालय मौज्दातबाट उपलब्ध गराउने ।

७ चालु आ. व. को स्वीकृत मेयरसंग खेलकुद कार्यक्रम बजेट शिर्षकबाट नेपाल गोजुरियो कराँते दो संघको नवौं राष्ट्रिय कराँते प्रतियोगिताको लागि रु ५० हजार सहयोग उपलब्ध गराउने ।

८ चालु आ. व. २०७८।७९ को स्वीकृत कार्यक्रमको पशु पन्छी शाखातर्फ विनियोजित सेवा केन्द्रको लागि फर्निचर व्यवस्थापनको ३० हजार र शाखा कार्यक्रम संचालनको लागि इन्धन खर्चको ३० हजार गरी जम्मा रु ६० हजार रुपैयाँ वडा नं २ तिमिलेको सिध्देश्वर कृषि फर्मलाई खोर सुधारका लागि उपलब्ध गराउने ।

९ चालु आ. व. मा स्वीकृत विनियोजन ऐनको सुशासन तथा संस्थागत विकासतर्फ संचार क्षेत्र प्रबर्ध्दन गर्ने पत्र पत्रिका तथा एफ एम, अनलाईन मिडिया तथा सूचना सम्प्रेषण प्रयोजन सार्वजनिक सुनुवाई संचालन गर्ने तथा आन्तरिक सुरक्षा व्यवस्थापन सहयोग शिर्षकमा बिनियोजित रु २३ लाख ५० हजार रुपैयाँ हालसम्म खर्च नभई मौज्दात रहेकोले चालु आ व को स्वीकृत कार्यक्रममा समावेश नभएका तर स्थानीय स्तरबाट माग भई आएका तपसिलमा उल्लेखित कार्यक्रमहरु उक्त रकमबाट खर्च लेख्ने गरी कार्यान्वयन गर्ने ।

| क्र सं | कार्यक्रमको नाम | स्वीकृत रकम रु | कैफियत |
|---|---|---|---|
| १ | ज्यामितरा तटबन्धन वडा नं ९ | ३ लाख | |
| २ | आनन्द मासु पसल सुदृढिकरण वडा नं ४ | ५० हजार | |
| ३ | पिपलडाँडा भक्ति समुहलाई बाध्यवादन सामग्रि सहयोग वडा नं ६ | १ लाख | |
| ४ | ~~कोटखोला साल्धारा खानेपानी~~ मर्मत वडा नं २ | १ लाख ५० हजार | |
| ५ | आल्लेवारी थाम खानेपानी मर्मत वडा नं २ डिंगा | २ लाख | |

Scanned with CamScanner

१०. युनाईटड नेसन अरवमा सँचालन हुने युवा नेतृत्व क्षमता विकास तथा अन्तराष्ट्रिय सम्वन्धको विषयक सेमिनार गोष्ठीमा नेपालको तर्फवाट सहभागि छनौटमा मनोनयन स्वीकृत भएका यस नगरपालिका वडा नं ३ स्थायी निवासि युवा नेतृत्व श्री विश्व विक्रम शाहलाई उक्त गोष्ठीमा सहभागि भै फर्के पश्चात निजले पेश गरेका कागजातका आधारमा हवाई टिकट,लजिष्टिक तथा आवासकालागि वढिमा रु १ लाख चालु आ.व. को स्वीकृत विनियोजन ऐनको चालु खर्च तर्फको कार्यक्रम खर्च शिर्षकवाट भूक्तानी लेख्ने ।

११. वडा नं ५ स्थायी निवासी श्री दिर्ग बहादुर घर्तीको छोरा श्री प्रदिप ध्वज घर्ती शारीरिक अपांग भएको तथा निजले हाल स्नातक अध्ययन गरिरहेको र आफ्नो रुची लोकसेवा अध्ययन गर्ने रहेको भएतापनि घरायसि आर्थिक विपन्नताको कारण लोकसेवा अध्ययनकोलागि निकै समस्या भएकोले लोकसेवा अध्ययनकालागि आर्थिक सहयोग माग गरेकाले निजलाई लोकसेवा अध्ययन प्रयोजनकालागि रु ४० हजार चालु आ.व. को स्वीकृत विनियोजन ऐनको चालु खर्च तर्फको कार्यक्रम खर्च शिर्षकवाट भूक्तानी दिने ।

Scanned with CamScanner